ईश्वरी प्रसाद जैसी
अध्यक्ष

# श्री कोटहीदेवी सामुदायिक वन उपभोक्ता समूह,

सुनवल- ११, जगाही,नवलपरासी (ब.सु.प.)

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रि सुचना

**पहिलो पटक सूचना प्रकाशन मिति : २०८३।०२।१८**

श्री **कोटहीदेवी** सामुदायिक वन उपभोक्ता समूह सुनवल ११ नवलपरासी (ब.सु.प.)को सामुदायिक वनबाट आ व २०८२।०८३ मा ढलापडा, पुनरुत्पादन कटान तथा छनौट कटान गरी उत्पादन भई **समुहको** घाटगद्दीमा लट नं. १ देखि ६ कायम भएको निम्न परिमाणको गोलिया काठ तथा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावार कारोबारका लागि सूचिकृत फर्म वा कम्पनिले यो सूचना **बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा** प्रथम पटक प्रकाशित भएको मितिले **२१ (एक्काइस)** दिन भित्र बोलपत्र फाराम खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

१) वन पैदावारको विवरण :

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | | |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | इकाइ | परिमाण ( क्यू.फि.) | न्यूनतम | संकलन खर्च | कैफियत |
| १ | साल | ए | २५ | क्यू.फी. | ५२२.०६२ | ६५२५७५.० | प्रति क्यु.फि रु १४६।- | छनौट कटान १ धांग, ३, ४, ५ र ६ |
| | | वी | २४ | क्यू.फी. | २५८.६७२ | २३२८०३.० | | |
| | | सी | ५९ | क्यू.फी. | २२१.३०५ | १३२७८६.० | | |
| | | डी | १० | क्यू.फी. | १२.२३१८ | ३६६९.० | | |
| | | जम्मा | ११८ | | १०१४.२७ | १०२१८३३.० | | |
| | सिरिष | ए | ५ | क्यू.फी. | १२२.७ | ३६७५० | | |
| | | वी | ९ | क्यू.फी. | २९.६७ | ५९३४ | | |
| | | जम्मा | १४ | | १५२.३७ | ४२६८४ | | |
| | कुम्भी | | २५ | क्यू.फी. | ९४.७५ | ९४७५ | | |
| | कुसुम | | ३ | क्यू.फी. | १७.४० | १७४० | | |
| | जिगँड | | ५ | क्यू.फी. | ५०.४० | ५०४० | | |
| | पियारी | | २ | क्यू.फी. | ११.३७ | ११३७ | | |
| | बर्रो | | ६ | क्यू.फी. | २१.३७ | २१३७ | | |
| | बाँझी | | ९ | क्यू.फी. | ४१.११ | ४१११ | | |
| | बोटधईरो | | २९ | क्यू.फी. | १३१.३० | १३१३० | | |
| | भलायो | | ३ | क्यू.फी. | १९.९८ | १९९८ | | |
| | मौवा | | १६ | क्यू.फी. | ८१.७० | ८१७० | | |
| | | जम्मा | ९८ | | ४६९.३७ | ८५३६८ | | |
| | जम्मा | | २३० | | १६३६.०२ | ११४९८८५.० | | |

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | | |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | इकाइ | परिमाण (क्यू.फि.) | न्यूनतम | संकलन खर्च | कैफियत |
| २ | साल | ए | ११ | क्यू.फी. | १८४.१७९ | २३०२२५.० | प्रति क्यु.फि रु १४६।- | छनौट कटान २ धांग, १,२,४ र ५ |
| | | वी | २२ | क्यू.फी. | २४३.१९६ | २१८८८०.० | | |
| | | सी | ७३ | क्यू.फी. | ३१०.५६३ | १८६३३६.० | | |
| | | डी | १७ | क्यू.फी. | ४१.९८ | १२५९४.० | | |
| | | जम्मा | १२३ | | ७७९.९२ | ६४८०३५.० | | |
| | असना | सी | ६ | क्यू.फी. | २७.५ | २७५० | | |
| | | जम्मा | ६ | | २७.५ | २७५० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जिगँड | | ९ | क्यू.फी. | ४३.८६ | ४३८६ | | इश्वरी प्रसाद जैसी<br>अध्यक्ष |
| | पियारी | | ८ | क्यू.फी. | ३५.१३ | ३५१३ | | |
| | बाँझी | | ६ | क्यू.फी. | २३.५२ | २३५२ | | |
| | बोटधईरो | | १६ | क्यू.फी. | ७२.९९ | ७२९९ | | |
| | भलायो | | ६ | क्यू.फी. | १९.४८ | १९४८ | | |
| | | जम्मा | ४५ | | १९४.९८ | ५५०० | | |
| | जम्मा | | १७४ | | १००२.४० | ६५३५३५.०० | | |
| | | | | | | | | |

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | | |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | इकाइ | परिमाण ( क्यू.फि.) | न्यूनतम | संकलन खर्च | कैफियत |
| ३ | साल | ए | १६ | क्यू.फी. | २७२.१६६ | ३४०२१२.५ | प्रति क्यु.फि रु १४६।- | छनौट कटान १ धांग, ७ र ढलापडा धांग १ र २ |
| | | वी | २१ | क्यू.फी. | २२४.४६४ | २०२०१४.० | | |
| | | सी | ६३ | क्यू.फी. | २५६.७१२ | १५४०२६.० | | |
| | | डी | १६ | क्यू.फी. | ४६.९४ | १४०८२.० | | |
| | | जम्मा | ११६ | | ८००.२८३ | ७१०३३४.५ | | |
| | कुम्भी | | ७५ | क्यू.फी. | ३२१.०६ | ३२१०६ | | |
| | **पियारी** | | १ | क्यू.फी. | १३.१३ | १३१३ | | |
| | बर्रो | | १ | क्यू.फी. | २.९२ | २९२ | | |
| | **बोटधईरो** | | ३ | क्यू.फी. | ७.८ | ७८० | | |
| | | जम्मा | ८० | | ३४४.९१ | ३४४९१ | | |
| | जम्मा | | १९६ | | ११४५.१९ | ७४४८२५.५ | | |
| | | | | | | | | |

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | | |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | इकाइ | परिमाण ( क्यू.फि.) | न्यूनतम | संकलन खर्च | कैफियत |
| ४ | सिसौ | ए | २७ | क्यू.फी. | २०९.००७ | १४६३०७.० | प्रति क्यु.फि रु १४६।- | ढलापडा धांग ५,६,७,१० र ११ |
| | | वी | २७१ | क्यू.फी. | ७४९.९१२ | ३७४९५५.० | | |
| | | जम्मा | २९८ | | ९५८.९२ | ५२१२६२.० | | |
| | असना | बि | ४ | क्यू.फी. | ३४.६१ | १०३८३ | | |
| | | सि | ५ | क्यू.फी. | २५.१५ | २५१५ | | |
| | जम्मा | | ९ | | ५९.७६ | १२८९८ | | |
| | जम्मा | | ३०७ | | १०१८.६८ | ५३४१६०.०० | | |
| | | | | | | | | |

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | | |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | इकाइ | परिमाण ( क्यू.फि.) | न्यूनतम | संकलन खर्च | कैफियत |
| ५ | सिसौ | ए | ३२ | क्यू.फी. | २५०.९५९ | १७५६७२.० | प्रति क्यु.फि रु १४६।- | ढलापडा धांग ८,९,१२ र १४ तथा पुनरुत्पादन सिसौ धांग २ र ३ |
| | | वी | ३०० | क्यू.फी. | ७७२.१०४ | ३८६०५०.० | | |
| | | जम्मा | ३३२ | | १०२३.०६ | ५६१७२२.० | | |
| | कर्मा | बि | २ | क्यू.फी. | १५.१९ | ४५५७ | | |
| | | सि | ४ | क्यू.फी. | ११.७९ | ११७९ | | |
| | जम्मा | | ६ | | २६.९७८३ | ५७३६ | | |
| | खयर | | २४ | क्यू.फी. | ५३.३ | ५३३०० | | |
| | जम्मा | | ३६२ | | ११०३.३४ | ६२०७५८.०० | | |
| | कूल जम्मा | | १२६९ | | ५९०५.५८ | ३७,०३,१६३.५ | | |

इश्वरी प्रसाद जैसी
अध्यक्ष

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | | |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | इकाइ | परिमाण ( क्यू.फि.) | न्यूनतम | संकलन खर्च | कैफियत |
| ६ | सिसौ टीक साल दाउरा | | १२ | चट्टा | २० *५* ५ | १४४०००.० | प्रति चट्टा रु १२,५००। | ढलापडा पुनरुत्पादन कटान तथा छनौट कटानबाट उत्पादित |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | १२ | | | १४४०००.० | | |

२) बोलपत्र खरिद दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

खरिद गर्ने : क) अन्तिम मिति : **२०८३।०३।०७ (ख) समय : बेलुका ४ बजे सम्म**

दाखिला गर्ने : क) अन्तिम मिति : **२०८३।०३।०८ ख) समय : दिउसो २ बजे सम्म**

३) बोलपत्र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपरासीबाट खरिद र दाखिला गर्न सकिनेछ ।

४) बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र आव्हान गरेको यस सामुदायिक वनको नाममा रहेको **ग्लोबल आइएमइ बैंक., भुमही नवलपरासीमा रहेको खाता नं. ११२०१०१००००१७६** मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

५) बैङ्क जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

६) बोलपत्र फाराम लट नं १ को रु २,०००। (दुइ हजार मात्र) र अन्य प्रति लटको रु. १०००।- (एक हजार मात्र) पछि फिर्ता नहुने गरी समूहको बैक खातामा वा नगद जम्मा गरी खरिद गर्नु पर्नेछ ।

७) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस तोकिएको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

८) लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, सुची दर्ता र अद्यावधिक प्रमाणपत्र प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (पि.ए.एन.) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

९) निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू **मिति २०८३।०३।०९ गते दिनको १:००** बजे साक्षीहरूको रोहवरमा खोलिने छ ।

१०) लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको **४५ (पैंतालिस)** दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

११) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१२) बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन ।

१३) बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ ।

१४) बोलपत्र जहाँबाट खरिद गरेको हो सोही कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

१५) बोलपत्र सदर वा बदर गर्ने अधिकार समुहमा निहित रहनेछ ।

# पशुपति माविलाई रोट्र्याक्ट डाउनटाउनद्वारा शुद्ध पिउने पानीको मेसिन

बुटवल (बुटवल टुडे), १७ जेठ- रोट्र्याक्ट क्लब अफ बुटवल डाउनटाउनले रूपन्देहीको तिलोत्तमा नगरपालिका-१७ कोटिहवास्थित पशुपति माध्यमिक विद्यालयमा शुद्ध पिउने पानीको सुविधा विस्तार गर्न दुई वटा आधुनिक पानी प्रशोधन मेसिन जडान गरी विद्यालयलाई हस्तान्तरण गरेको छ।

विद्यालयका विद्यार्थीलाई स्वच्छ, सुरक्षित तथा पर्याप्त पिउने पानी उपलब्ध गराउने उद्देश्यले क्लबले १२० लिटर र ८० लिटर क्षमताका दुई वटा पानी प्रशोधन मेसिन जडान गरेको हो। आइतबार आयोजित एक कार्यक्रमका बीच क्लबका पदाधिकारीहरूले विद्यालयका प्रधानाध्यापक बेदनारायण भट्टराईलाई उक्त मेसिन औपचारिक रूपमा हस्तान्तरण गरेका हुन्।




कार्यक्रममा बोल्दै रोट्र्याक्ट डिस्ट्रिक्ट ३२९२ (नेपाल-भुटान) का डिस्ट्रिक्ट रोट्र्याक्ट रिप्रेजेन्टेटिभ (डीआरआर) दिनेश गैरेले समुदायको आवश्यकता पहिचान गरी गरिने साना-साना सामाजिक कार्यहरूले दीर्घकालीन रूपमा ठूलो प्रभाव पार्ने बताए। उनले यस वर्ष रोट्र्याक्ट मार्फत विगतका वर्षहरूको तुलनामा धेरै सामाजिक तथा मानवीय सेवाका कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए।

"शिक्षा र स्वास्थ्यसँग जोडिएका कार्यक्रमले प्रत्यक्ष रूपमा समुदायलाई लाभ पुऱ्याउँछन्। विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था हुनु विद्यार्थीको स्वास्थ्य र सिकाइ दुवैका लागि महत्वपूर्ण विषय हो," उनले भने।

रोट्र्याक्ट क्लब अफ बुटवल डाउनटाउनका अध्यक्ष आबिष्कार खनालले विद्यालयमा जडान गरिएका मेसिनले विद्यार्थी तथा शिक्षकलाई वर्षौंदेखि महसुस हुँदै आएको स्वच्छ पिउने पानीको आवश्यकता पूरा गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे। उनले मेसिनको नियमित मर्मत तथा सही प्रयोगमा विद्यालय प्रशासनले विशेष ध्यान दिनुपर्ने सुझाव समेत दिए।

विद्यालयका प्रधानाध्यापक बेदनारायण भट्टराईले रोट्र्याक्ट क्लबप्रति आभार व्यक्त गर्दै यस्ता सहयोगले विद्यालयको शैक्षिक वातावरण थप प्रभावकारी बनाउन सहयोग पुग्ने बताए। उनले विद्यालयमा विभिन्न संघसंस्था तथा दातृ निकायको सहयोग निरन्तर प्राप्त भइरहेको उल्लेख गर्दै खानेपानी व्यवस्थापनमा प्राप्त सहयोग विशेष रूपमा महत्वपूर्ण रहेको बताए।

विद्यालय व्यवस्थापन समितिकी कार्यवाहक अध्यक्ष बाला घिमिरेले विद्यार्थीको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्रमा गरिएको सहयोग प्रशंसनीय रहेको बताउँदै आगामी दिनमा पनि यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई निरन्तरता दिन आग्रह गरे।

रोट्र्याक्ट क्लब अफ बुटवल डाउनटाउनका पूर्वअध्यक्ष बाबुराम बञ्जाडेले रोटरी तथा रोट्र्याक्टले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण र युवा नेतृत्व विकासका क्षेत्रमा निरन्तर काम गर्दै आएको बताए। उनले विद्यार्थीको भविष्य निर्माणमा सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकतामा राखेर क्लबले विभिन्न गतिविधि सञ्चालन गरिरहेको जानकारी दिए।

कार्यक्रममा विद्यालयका शिक्षक, विद्यार्थी, स्थानीय अभिभावक तथा रोट्र्याक्ट क्लबका सदस्यहरूको सहभागिता रहेको थियो। कार्यक्रममा क्लबका उपाध्यक्ष विकास टण्डन, सचिव केशव पौडेललगायतले पनि मन्तव्य व्यक्त गरेका थिए।

विद्यालयमा जडान गरिएको शुद्ध पिउने पानीको व्यवस्थाले विद्यार्थीलाई सुरक्षित खानेपानी उपलब्ध गराउनुका साथै स्वास्थ्यसम्बन्धी जोखिम न्यूनीकरणमा समेत महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

# हाजिरीजवाफ प्रतियोगिता सम्पन्न



गुल्मी (बुटवल टुडे), १७ जेठ- गुल्मी चारपाला-रूपन्देही सम्पर्क समाजको आयोजना तथा मिरा ट्रष्टको व्यवस्थापकीय सहयोगमा गुल्मीदरबार गाउँपालिका-७ ठूलोपोखरामा चौथो रनिङ शिल्ड हाजिरजवाफ प्रतियोगिता सम्पन्न भएको छ।

प्रतियोगितामा इश्वरी माध्यमिक विद्यालय, चारपाला दरबार प्रथम, ठूलोपोखरा माध्यमिक विद्यालय द्वितीय, शारदा माध्यमिक विद्यालय, अमर अर्बाथोक तृतीय तथा गङ्गा आधारभूत विद्यालय, चिनियापोखरी सान्त्वना भएका छन्। प्रतियोगितामा सहभागी विद्यार्थीलाई मिरा ट्रष्टद्वारा झोला तथा विभिन्न शैक्षिक सामग्री वितरण गरिएको थियो। सम्पर्क समाजले आठ जना विद्यार्थीलाई शैक्षिक सामग्री समेत हस्तान्तरण गरेको छ।

उक्त कार्यक्रमका अवसरमा विभिन्न रोगबाट ग्रसित इन्द्रबहादुर टोमटा र ललिता शाहीलाई संस्थाको तर्फबाट जनही रु १० हजार १०० का दरले आर्थिक सहयोग प्रदान गरिएको थियो। सांस्कृतिक कार्यक्रम अन्तर्गत नृत्य प्रस्तुत गर्ने विद्यार्थीलाई समाजकी पूर्व अध्यक्ष तथा सगुन्स कलेक्सनकी सञ्चालक एवं समाजकी पुर्व अध्यक्ष उषा खत्रीले उपहार प्रदान गरेकी थिइन्।

सम्पर्क समाजका अध्यक्ष हिराधर अर्यालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गुल्मीदरबार गाउँपालिकाका अध्यक्ष सरोजकुमार थापाले समाजले ग्रामिण क्षेत्रमा आई महत्वपूर्ण सहयोग गरेको भन्दै संस्थालाई पालिकाको तर्फबाट आर्दिक धन्यबाद व्यक्त गरेका थिए। कार्यक्रममा संस्थाका सल्लाहकार, कार्यसमिति सदस्य, वडा संयोजक, समाजसेवी, बुद्धिजीवी, अभिभावक तथा स्थानीयवासीको उपस्थिति रहेको थियो।

समाजले शिक्षा, प्रतिभा र सामाजिक एकताको प्रवर्द्धन गर्ने उद्देश्यका साथ यस्ता कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिइने जनाएको छ।

# गुल्मेली सम्पर्क समाजको स्थापना दिवसमा रक्तदान




बुटवल (बुटवल टुडे), १७ जेठ- गुल्मेली सम्पर्क समाज रूपन्देहीको २३ औं स्थापना दिवस विभिन्न कार्यक्रम गरि आज मनाईएको छ। कार्यक्रमको शुभारम्भ गर्दै तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाडले सामाजिक सेवामा सामाजिक संघ संस्थाको महत्वपूर्ण भुमिका रहेको बताए। उनले भौतिक बिकासले मात्र समाज बिकास हुन नसक्ने बताउदै सामाजिक बिकासका लागि विभिन्न संघसंस्थासंग सहकार्य गर्न तिलोत्तमा नगरपालिका सधै तयार रहेको बताए।

समाजले स्थापना दिवसको अवसरमा जेठ १७ गते बृहत रक्तदान कार्यक्रम सम्पन्न गरेको हो। रक्तदान कार्यक्रममा समाजका सदस्यहरू, स्थानियबासी, सशस्त्र प्रहरी, युवा महिला गरि १ सय ७ जनाले रक्तदान गरेको समाजका महासचिव राजेन्द्र कुँवरले जानकारी दिए। नेपाल रेडक्रस सोसाइटी रूपन्देहीको प्राबिधिक सहयोगमा संचालन गरिएको रक्तदान कार्यक्रममा बिहान ७ बजेदेखि सुरु भै ११ बजे सम्म संचालन भएको थियो। स्थापना दिवसको अवसरमा समाजलाई महत्वपूर्ण योगदान गर्ने संस्था र ब्यक्ति गरि २५ जना महानुभावहरूलाई सम्मान गर्नुको साथै छोरी शिक्षा कार्यक्रम अन्तरगत अध्ययरत १४ जना बिद्यार्थीहरूलाई नमस्ते एकेडेमीको सौजन्यमा १ बर्षलाई पुग्ने शैक्षिक सामाग्री हस्तान्तरण गरिएको कार्यक्रम संयोजक तथा समाजका बरिस्ठ उपाध्यक्ष हेम थापाले जानकारी दिए। समाजको गुरुयोजना स्थल तिलोत्तमा नगरपालिका -४ डिङ्गरनगरमा समाजका अध्यक्ष डा. नारायण प्रसाद पन्थको अध्यक्षतामा भएको कार्यक्रममा संयोजक तथा वरिष्ठ उपाध्यक्ष हेम थापाको स्वागत तथा महासचिव राजेन्द्र कुँवरको संचालनमा भएको थियो। उक्त कार्यक्रममा संस्थापक अध्यक्ष ई. हिरा बहादुर भलामी, सशस्त्र प्रहरी बल प्रनाउ दुर्गा बहादुर थापा, श्रृङ्गेश्वर धामका अध्यक्ष ऋषि भण्डारी , नियमित रक्तदाता समाजका अध्यक्ष कृष्ण चौहान, गुल्मेली सम्पर्क समाज सिद्धार्थ नगर नगरपालिकाका अध्यक्ष केशव ज्ञवाली लगायतले मन्तव्य व्यक्त गरेका थिए।

गुल्मी जिल्लामा जन्म भइ बसाइँसराइ तथा विभिन्न पेशा ब्यवसायको लागी रूपन्देहीमा बसोबास गर्ने गुल्मेलीहरूको साझा संस्था सम्पर्क समाजले सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रम गर्दै आएको छ। छोरी शिक्षा कार्यक्रम मार्फत शिक्षा क्षेत्रमा काम गर्दै आएको समाजले जेष्ठ नागरिकहरूको सम्मानको लागी जेष्ठ नागरिक मिलनकेन्द्र संचालन गरेको छ। श्रृङ्गेश्वरधाम निर्माण लगायत सामाजिक तथा धार्मिक क्षेत्रमा समाजले अनुकरणीय कार्य गरेको छ।

# करेसाबारी तथा कौसी खेती तालिम

भैरहवा (बुटवल टुड), १७ जेठ - स्थानीय स्तरमा तरकारी उत्पादन वृद्धि, घरायसी पोषण सुधार तथा आत्मनिर्भर खेती प्रणालीलाई प्रवर्द्धन गर्ने उद्देश्यले सिद्धार्थनगर नगरपालिका वडा नं. ५ कार्यालयको आयोजनामा सञ्चालित तीन दिने करेसा बारी तथा कौसी खेती तालिम सम्पन्न भएको छ।

वडाभित्रका विभिन्न समुदायका महिला सहभागीहरूको उत्साहजनक सहभागिता रहेको उक्त तालिममा आधुनिक कृषि प्रणालीका विविध पक्षबारे प्रशिक्षण दिइएको थियो। तालिममा करेसा बारी तथा कौसी खेतीका आधुनिक विधि, तरकारी उत्पादन तथा व्यवस्थापन, मलको उचित प्रयोग, रोग तथा कीरा नियन्त्रण लगायत विषयमा सैद्धान्तिक तथा व्यावहारिक जानकारीका बारेमा जानकारी दिईएको थियो। सहभागीहरूलाई घरमै उपलब्ध सीमित स्थानको उपयोग गरी तरकारी उत्पादन गर्ने प्रभावकारी उपायहरूबारे समेत प्रशिक्षण दिइएको थियो।

कार्यक्रममा वडा नं. ५ का वडा अध्यक्ष पुरनप्रसाद श्रेष्ठले कृषिलाई आयआर्जन तथा स्वस्थ जीवनशैलीसँग जोड्न यस्ता कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गरे। उनले कृषक तथा स्थानीय बासिन्दाको क्षमता अभिवृद्धिका लागि आगामी दिनमा पनि यस्ता सीपमूलक तथा उत्पादनमुखी कार्यक्रमहरू निरन्तर सञ्चालन गरिने बताए।


## अनुसूची १५
**(दफा ३३ को उपदफा (२)संग सम्वन्धीत)**

## काठ/दाउराको बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८३।०२।१८**

श्री कोटहीदेवी सामुदायिक वन उपभोक्ता समूह, सुनवल-११, जर्गाहा नवलपरासी (ब.सु.प) वन क्षेत्रबाट नियमानुसार आ. व. २०८२/०८३ मा स्वीकृत वन ब्यबस्थापन कार्ययोजना अनुसार अनुसार पुनरुत्पादन तथा ढलापढा रुखहरु कटान गरी उत्पादन भई समूहको घाटघद्दीमा लट कायम गरी राखिएका साल जातको र अन्य जातको गोलिया थान ३५७ को २५९४.४७३ क्युफिट काठ र साल जातको र अन्य जातको थान १२५४ को ४३३३.८४ क्यू. फिट काठ र दाउरा १२ चट्टा वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय नवपरासीको लिलाम बिक्रीको लागि सहमति अनुसार यस समूहको घाटघद्दीमा राखिएको काठ/दाउरा जे जस्तो अवस्थामा छ। आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक वन पैदावारमा आधारित उधोगले यो प्रथम पटक सूचना प्रकाशित गरेको मितिले २१ दिन भित्रमा प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरीद गरी २२औ दिनको २ बजे भित्रमा गोप्य सिलवन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्वन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण ब्योहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा टाँस गरिएको छ।

अध्यक्ष

**श्री कोटहीदेवी सामुदायिक वन उपभोक्ता समूह**
**सुनवल-११, जर्गाहा नवलपरासी (ब.सु.प.)**



## विजार्ड फ्रेग्रेन्स ईण्डष्ट्रिज
**रूपन्देही**

### मूल्य सुची

यस कम्पनीबाट उत्पादित गुटखाहरूमा मिती २०८३।०२।१६ गते देखि लागू हुने गरी निम्न लिखित दर रेटमा बिकी वितरण हुने समस्त ग्राहक तथा उपभोक्ता वर्गमा जानकारी गराउदँछौ।

मूल्य प्रति बोरा - १५ के. जी. (१०० पैकिट)

| खुद्रा मूल्य | शुद्ध प्लस गुटखा | अमृत प्लस गुटखा |
|---|---|---|
| थोक विक्रेता | २६४४२।- | २६४४२।- |
| उपभोक्ता मूल्य प्रति पैकिट (१५० ग्राम) | २९५।- | २९५।- |
| प्रति पाउच | ७।- | ७।- |

**नोट**: उपभोक्ता मूल्यमा करहरू समावेश गरिएको छ।

**''सुर्तीजन्य स्वास्थ्यको लागि हानिकारक छ''**



## आम्दा नेपाल
## सिद्धार्थ बाल तथा महिला अस्पताल
**बुटवल-७, रूपन्देही, नेपाल**
**फोन नं. ०७१-५०२१०१, ५०२०९७**
Email: scwh.butwal@amda.org.np URL: www.amda.org.np

### पदपूर्ति सम्बन्धी सूचना
**(विज्ञापन नं. ०८/०८२/८३)**

**सूचना प्रकाशित मितिः** २०८३/०२/१८

आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलका लागि निम्न पदमा देहाय बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ३ दिन अर्थात २०८३/०२/२० गते सांझ ४:०० बजेभित्र आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ। यस सूचना सम्बन्धी विस्तृत जानकारीका लागि आम्दा नेपालको वेबसाइट https://www.amda.org.np/career-view-available-jobs वा अस्पताल प्रशासनमा सम्पर्क राख्न सकिनेछ।

१. **पदः मेडिकल अधिकृत** (**Medical Officer**)
   **संख्याः** १ जना
   **सेवाको प्रकारः** विशेष सेवा करार
२. **न्युनतम शैक्षिक योग्यता :**
■ मान्यता प्राप्त शिक्षण संस्थाबाट :द्यद्यक उत्तीर्ण भई सम्बन्धीत परिषदमा दर्ता कायम रहेको हुनुपर्नेछ।
३. **आवेदन शुल्क (फिर्ता नहुने गरि)**: रू. १,०००/-
■ अस्पतालको प्रशासन शाखामा नगद जम्मा गरि आवेदन फारमको माध्यमबाट वा निम्न बैंकमा जम्मा गरेको भौचर संलग्न गरि online विधिबाट आवेदन गर्न सकिनेछ।

नामः AMDA NEPAL SCWH **खाता नं.**: ०१३१०५३८१६० बैंकः सिद्धार्थ बैंक लि., बुटवल



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल जेठ महिना १८ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय भैरहवाबाट तपशिलमा उल्लेखित ऋणीले रियल स्टेट अधिवीकर्ष कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **एन्जेलिना ट्रेडर्स** प्रोप्राइटरको नाम : पवि क्षेत्री प्रा.फ.र.नं. : ३२५२६
दर्ता मिति : २०७०/१०/२५ दर्ता गर्ने कार्यालय : वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला धकधई वडा नं. ६ स्थायी लेखा नं. : ६०१६७६०५३

**प्रोप्राइटरको विवरण**

छमे बि.क.को छोरी दिलिप कुमार क्षेत्रीको बुहारी भोला बहादुर क्षत्रीको पत्नी रुपन्देही जिल्ला धकधई गा.वि.स. वडा नं. ६ हाल, रोहिणी गा.पा. वडा न. ३ बस्ने **पवि क्षेत्री** (ना.प्र.नं. : ३७-०१-७०-१२९५९ जारी मिति र जिल्ला : २०७०/१०/१५, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

जित बहादुर सिहको नाति दिलिप कुमार क्षेत्रीको छोरा रुपन्देही जिल्ला धकधई वडा नं. ६ हाल, रोहिणी गा.पा. वडा नं. ३ बस्ने **भोला बहादुर क्षत्री** (ना.प्र.नं. : ३७१००९/२५६९१ जारी मिति र जिल्ला : २०६६/०१/०६, रुपन्देही)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
१) मिति २०७९/०८/०८ को नयाँ पत्रिका दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।
२) मिति २०७९/१०/०२ को नागरिक दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| पवि क्षेत्री | रुपन्देही जिल्ला पोखरभिन्डी वडा नं. ४ | ४ | ९५१ | ०-०-१५-० |
| | | | ९५२ | ०-१-०-० |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८३ साल असार महिना २ गते मंगलबार भित्र यस बैकको शाखा कार्यालय भैरहवा आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल असार महिना ३ गते बुधबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय भैरहवामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल जेठ महिना १८ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय भैरहवाबाट तपशिलमा उल्लेखित ऋणीले व्यवासायीक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **कल्पना जनरल स्टोर्स** प्राइभेट फर्म धनीको नाम : कल्पना पोखेल
प्राइभेट फर्म दर्ता : १०१७-८-२०७९/८०
दर्ता मिति : २०७९/१२/२२ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थ न.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६१९६०९७१७

**प्रोप्राइटरको विवरण**

भिमार्जन बेल्बासेको बुहारी नरहरी बेल्बासेको पत्नी अर्घाखाँची जिल्ला आईगुरी वडा नं. ७ हाल, रुपन्देही जिल्ला सिद्धार्थ न.पा. वडा नं. ८ बस्ने **कल्पना पोखेल** (ना.प्र.नं. : ६५०५/४९४/०४४ जारी मिति र जिल्ला : २०६०/०७/२०, अर्घाखाँची)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

एकदेव बेल्बासेको नाति भिमार्जन बेल्बासेको छोरा अर्घाखाँची जिल्ला खिदिम गा.वि.स. वडा नं. ७ हाल, रुपन्देही जिल्ला सिद्धार्थ न.पा. वडा नं. ८ बस्ने **नरहरी बेल्बासे** (ना.प्र.नं. : १०२१८/२४३० जारी मिति र जिल्ला : २०५४/०७/०५, अर्घाखाँची)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :** मिति २०८२/०१/२६ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| कल्पना पोखेल | रुपन्देही जिल्ला हाटिफर्साटिकर वडा नं. १ | १क | १०९१ | ०-१-१२-० |
| कल्पना पोखेल | रुपन्देही जिल्ला करहिया वडा नं. ६ | ६ख | ४२२६ | ०-०-१०-० |
| नरहरी बेल्बासे | रुपन्देही जिल्ला पर्सा वडा नं. ४ | ४ | १९३ | ०-१३-११-० |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८३ साल असार महिना ८ गते सोमबार भित्र यस बैकको शाखा कार्यालय भैरहवा आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल असार महिना ९ गते मंगलबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय भैरहवामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ